नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(................................ शाखा)

फोन नं. : ४१०६७६१, ४१०६८६२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं. ४१०६७५३
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्या:- ०७७/०७८
प्राप्त पत्र संख्या:- ................
च.नं.:- ९४५

मिति: २०७७/९/१०

**विषय : सुचना प्रकाशन गर्ने सम्बन्धमा ।**

श्री नापी कार्यालय सबै,

प्रस्तुत विषयमा भुमि सम्बन्धी समस्या समाधान आयोगका लागि सर्भेक्षक र अमिन पद करारमा भर्ना गर्नेगरी मिति २०७७ पौष १० गतेको नागरिक दैनिक पत्रिकामा प्रकाशित सुचना नापी विभागको वेवसाइटमा समेत प्रकाशित भएको छ। उक्त सुचना डाउनलोड गरी नापी कार्यालयको सुचनापाटीमा समेत टास गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

मोहनप्रसाद मरासिनी
उप सचिव(प्रशासन)

नेपाल सरकार

**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**

**नापी विभाग**

मिनभवन, काठमाडौं

**सर्भेक्षक तथा अमिन करारमा भर्ना गर्ने सम्बन्धि सूचना**

**(सूचना प्रकाशित मिति २०७७/०९/१०)**

भूमि सम्बन्धी समस्या समाधान आयोगका लागि आयोगको क्षेत्राधिकार भित्रका स्थानीय तहहरुमा काम गर्ने गरी करार सेवामा कर्मचारी भर्ना गर्नुपर्ने भएको हुँदा तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सूचनामा तोकिएको स्थानमा दरखास्त पेश गर्नु हुन आह्वान गरिएको व्यहोरा सुचित गरिन्छ ।

*तपसिल*

| क.सं. | विज्ञापन नं. | पद | सेवा | माग संख्या |
|---|---|---|---|---|
| १. | १/०७७/-७८ | सर्भेक्षक | करार | १३० |
| २. | २/०७७/-७८ | अमिन | करार | २४२ |

१) **परीक्षाको किसिमः** संक्षिप्त सूची (Short Listing) प्रकाशन, अन्तर्वार्ता ।

२) **आवेदकको उमेरको हदः** पुरुष उम्मेदवारको हकमा आवेदन दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिला उम्मेदवारको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
तर, नेपाल ईन्जिनियरिङ्ग सेवा सर्भे समूह अन्तर्गत निजामती तथा संस्थान सेवाबाट अवकास प्राप्त कर्मचारीको हकमा ६० वर्ष उमेर ननाघेको हुनु पर्नेछ ।

३) **दरखास्त पाईने स्थानः** नापी विभाग, मिनभवनको website: info@dos.gov.np बाट download गर्न सकिनेछ ।

४) **दरखास्त बुझाउन पाइने स्थानः** (१) नापी विभाग, मिनभवन (२) नापी कार्यालय मोरङ्ग, बिराटनगर (३) नापी कार्यालय धनुषा (४) नापी कार्यालय मकवानपुर (५) नापी कार्यालय कास्की, पोखरा (६) नापी कार्यालय रुपन्देही, भैरहवा (७) नापी कार्यालय सुर्खेत र (८) नापी कार्यालय कैलाली, धनगढी

५) **आवेदन दिने अन्तिम मितिः** २०७७/०९/२४ गते कार्यालय समय भित्र ।

६) संलग्न गर्नुपर्ने आवश्यक कागजातः आवेदनको साथमा नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि, अनुभवको कागजातको प्रतिलिपि, तालिमको प्रमाण-पत्रको प्रतिलिपि । (प्रतिलिपि कागजातहरु अनिवार्य रुपमा नोटरी पव्लिकबाट प्रमाणित गरिएको हुनु पर्नेछ)

७) **पारिश्रमिक तथा सेवा सुविधाः** नेपाल सरकारको सो पदका स्थायी कर्मचारीहरुको शुरु स्केल सरह ।

८) **शैक्षिक योग्यताः**

(क) सर्भेक्षकको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी Survey वा Geomatics विषयमा ३ वर्षे प्रबिणता प्रमाण-पत्र तह सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान (फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाण-पत्र तह उत्तीर्ण गरी कम्तिमा १ वर्षको जुनियर तालिम प्राप्त गरेको हुनु पर्नेछ ।

(ख) अमिनको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. उत्तीर्ण वा एस.ई.ई. मा कम्तिमा सी. ग्रेड प्राप्त गरी Survey वा Geomatics विषयमा कम्तिमा १ वर्षको तालिम प्राप्त गरेको हुनु पर्नेछ ।

९) **करार अवधिः** २०७८ असार मसान्तसम्म ।

१०) **परीक्षा दस्तुरः** सर्भेक्षकको हकमा रु. ४००।- र अमिनको अकमा रु. ३००।- सम्बन्धित आवेदन बुझाउने कार्यालयमा बुझाउनु पर्नेछ ।

११) **अन्तर्वार्ता मितिः** संक्षिप्त सूची (Short Listing) मा परेका उम्मेदवारको अन्तर्वार्ता मिति बिभागले पछि तोक्नेछ ।